# गौमुखी गाउँपालिका

# स्थानीय राजपत्र

गौमुखी गाउँपालिकाद्वारा प्रकाशित

खण्डः १ संख्याः १२ मितिः २०७६/०७/२१

## भाग-२

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ बमोजिम गौमुखी गाउँपालिकाको गाउँकार्यपालिकाले जारी गरेको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**संवत् २०७५ सालको कार्यविधि नं. २**

# गौमुखी गाउँपालिका

## घ वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्वन्धि कार्यविधि

## २०७५

**गाउँकार्यपालिकाबाट स्वीकृत मिति : २०७५।०२।०६**

स्थानीय स्तरको विकास निर्माणमा निजिक्षेत्रको ज्ञान र विषेशज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरीदको मूलभुत विषेशतालाई अक्षुण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, इमान्दारीता, जवाफदेहिता, विश्वशनियता तथा भेदभावरहित प्रतिस्पर्धा तथा श्रोत र साधनको उच्चतम उपयोग जस्ता उद्देश्यहरु हासिल गर्न सार्वजनिक निर्माणमा निजिक्षेत्रको सहज पहुँचको लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २ छ (१०) ले दिएको अधिकार प्रयोग गरी गौमुखी गाउँपालिका गाउँ कार्यपालिकाले यो कार्यविधि २०७५ जारी गरेको छ।

**१) ईजाजत पत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुने :**

प्रचलित कानुनमा अन्यथा व्यवस्था भएको वाहेक यस कार्यविधि बमोजिम ईजाजतपत्र प्राप्त नगरी “घ” वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न गराउन हुदैन।

**२) नयाँ ईजाजतपत्र सम्वन्धि व्यवस्था :**

१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसूचि-१ बमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्न ईजाजतपत्रको लागि यस गौमुखी गाउँपालिकाको कार्यालयमा प्रमुख प्रसाशकीय अधिकृत समक्ष दरखास्त दिनु पर्ने छ।

२) उपदफा १ वमोजिम पर्न आएका दरखास्तहरु प्रमुख प्रसाशकीय अधिकृतले अनुसूचि-५ वमोजिमको योग्यता भए/नभएको सम्वन्धमा सिभिल ईन्जिनियर/सव ईन्जिनियर सहितको सदस्य भएको समितिवाट जाँचवुझ गराउने पर्नेछ।

३) दफा २ को उपदफा २ अनुसारको समितिले गरेको सिफारिससहित प्रमुख प्रसाशकीय अधिकृतले इजाजतपत्र प्रदान गर्ने निर्णयका लागि कार्यपालिकाको वैठकमा पेश गर्नुपर्ने छ।

४) उपदफा २ वमोजिम समितिको सिफारिस समेत न्यूनतम योग्यता पुगेका निर्माण व्यवसायी फर्म/कम्पनीहरुको ईजाजतपत्र कार्यपालिकाको निर्णय वमोजिम गाउँपालिकाको प्रमुख प्रसाशकीय अधिकृतले ईजाजतपत्रबापत अनुसूचि २ वमोजिमको दस्तुर लिई निजलाई अनुसूचि ३ बमोजिमको ढाँचामा ईजाजतपत्र प्रदान गर्नेछ।

**३ ईजाजतपत्रको अवधि र नविकरण :**

१) दफा २ वमोजिम प्रदान गरिएको ईजाजतपत्र दफा ४ वमोजिम खारेज भएको वा प्रचलित कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा बाहेक चालु आर्थिक वर्षको अन्त्यसम्म मात्र मान्य रहनेछ।

२) उपदफा १ बमोजिम ईजाजतपत्रको अवधि समाप्त भएको प्रत्येक निर्माण व्यवसायीले ईजाजतपत्रको अवधि समाप्त भएको ३ महिना भित्र प्रचलित कानुन बमोजिम संघ, प्रदेश र स्थानीय तहलाई तिर्नुपर्ने कर तिरी सकेको प्रमाण स्वरुप सम्वन्धित संघिय/प्रदेश/स्थानीय कर कार्यालयवाट प्राप्त करचुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नविकरणसहित सम्वन्धित गाउँपालिकाबाट अनुसूचि २ बमोजिमको दस्तुर तिरी नविकरण गराउने पर्ने छ । नविकरणको लागि अन्य कुराहरु अनुसूचि ६ वमोजिम हुनुपर्नेछ । ईजाजत पत्र नविकरण गर्न गाउँपालिकामा कागजात पेत्र गर्दा अुनुसूचि ४ बमोजिमको पासबुक भरी अघिल्लो आर्थिक वर्षको सो फर्म वा कम्पनीकले गरेको कार्यहरुको अद्यावधिक विवरण समेत पेश गर्नु पर्ने छ । यसरी अनुसूचि बमोजिमको पासबुक विवरण अद्यायवधिक नगर्ने फर्म वा कम्पनीको ईजाजतपत्र नविकरण गर्न गाउँपालिका बाध्य हुनेछैन ।

३) उपदफा २ बमोजिमको म्याद नाघेको छ महिनाभित्र सवै प्रकृया पुरा गरी ईजाजतपत्र नविकरण गराउन चाहने निर्माण व्यवसायीले नविकरण गर्ने माग गरेमा अनुसूचि २ वमोजिमको थप दस्तुर लिई प्रमुख प्रसाशकीय अधिकृतले ईजाजतपत्र नविकरण गरीदिनु पर्नेछ ।

**<u>४) ईजाजतपत्रको खारेजी :</u>**

१) देहायको अवस्थामा गाउँपालिकाले निर्माण व्यवसायीको ईजाजतपत्र खारेज गर्न सक्नेछ ।

क) झुठ्ठा विवरण पेश गरी ईजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा,

ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा संगठित संस्थामा झुठ्ठा विवरण पेश गरेको सम्वन्धित निकायबाट लेखी आएमा,

ग) सार्वजनिक निकायसँग भएको सम्झौताबमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भीर उल्लङ्घन भएको सम्बन्धित निकायबाट लेखी आएमा,

२) उपदफा १ बमोजिम ईजाजतपत्र खारेज गर्नु अघि सम्वन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासिव माफिकको मौका दिईने छ ।

३) दफा ३ को उपदफा ३ बमोजिमको म्यादभित्र नविकरण नभएको ईजाजतपत्र स्वतः खारेज हुनेछ ।

४) उपदफा १ वा ३ बमोजिम ईजाजतपत्र खारेज भएकोमा गाउँपालिकाले त्यसको जानकारी सम्बन्धित फर्म वा व्यक्ति वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिईनेछ ।

**<u>५) ईजाजतपत्र प्रतिलिपी दिने व्यवस्था :</u>**

कुनै निर्माण व्यवसायीले ईजाजतपत्र हराए वा नासिएको कारणबाट ईजाजतपत्रको प्रतिलिपि पाउन निवेदन गरेमा अनुसूचि २ वमोजिमको दस्तुर लिई ईजाजतपत्रको प्रतिलिपी दिनु पर्नेछ ।

**<u>६ प्रचलित कानुन बमोजिम हुने :</u>**

यस कार्यविधिमा लेखिए जति सवै यसैवमोजिम र अन्यको हकमा प्रचलित कानुनबमोजिम हुनेछ ।

**<u>७ बचाउ :</u>**

यस अघि प्रचलित कानुन बमोजिम दर्ता भएका ठेक्का बन्दोवस्तीसम्वन्धि फर्म तथा कम्पनीहरुलाई दिइएको ईजाजतपत्रहरु यसै कार्यविधि बमोजिम दिईएको मानिनेछ ।

**अनुसूची १**

**कार्यविधिको दफा २ को उपदफा १ सँग सम्वन्धित**

**ईजाजतपत्रको लागि दिईने दरखास्त**

विषय : ईजाजतपत्र पाऊ भन्ने वारे ।

श्री ........................................

..................... गाउँपालिकाको कार्यालय

..........................................................

यस ....................................... कार्यालयको कार्यविधि ........... वमोजिम सार्वजनिक निर्माण कार्य गर्नको लागि ईजाजतपत्र पाउन निम्न विवरण भरी यो दरखास्त पेश गरिएको छ ।

**१) दरखास्त पेश गर्ने फर्म वा कम्पनीको**

नाम :

ठेगाना :

पोष्ट वक्स :

टेलिफोन नं. : फ्याक्स नं. : ईमेल :

**२) फर्म वा कम्पनीको प्रकृति :**

| | | | |
|---|---|---|---|
| प्राईभेट लिमिटेड कम्पनी : | | पब्लिक लिमिटेड कम्पनी : | |
| एकलौटी : | | साझेदारी : | |

कोष्ठमा ✓ चिन्ह लगाउनु पर्नेछ ।

**३) सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारिक व्यक्तिको :**

नाम थर :

ठेगाना :

पोष्ट वक्स :

टेलिफोन नं. : फ्याक्स नं. : ईमेल :

**४) फर्म वा कम्पनीको विवरण :**

दर्ता नं. : दर्ता नं. :

अधिकृत पूँजी : जारी पूँजी :

दर्ता गर्ने कार्यालयको नाम र ठेगाना :

**५) ईजाजतपत्र लिन चाहेको वर्ग : घ वर्ग**

**६) समुहीकरण हुन चाहेको समुह :**

**७) आर्थिक श्रोतको विवरण :**

| विवरण | रकम | वित्तिय संस्था वैंकको नाम |
|---|---|---|
| स्थायी ओभरड्राफ्ट | | |
| मुद्दती खाता | | |
| चल्ती खाता | | |
| बचत खाता | | |

उल्लेखित विवरण वाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ ।

**८) कामदारको विवरण :**

क) प्राविधिक :

ख) अप्राविधिक :

ग) अन्य :

प्राविधिक कर्मचारीको Certificate को प्रतिलिपि तथा निजको मंजुरीनामा पेश गर्नुपर्ने छ ।

**९) आफ्नो स्वामित्वमा रहेको निर्माण सम्वन्धि सवारी साधन मेशिनरी औजारको विवरण :**

| सि.नं. | नाम तथा विवरण | दर्ता नं. | क्षमता संख्या | मुल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

द्रष्टव्य : यस विवरणमा उल्लेखित सवारी साधन तथा मेशिनरी औजारहरुको स्वामित्वको कागजात (दर्ता प्रमाणपत्र) र उक्त मेशिनरी औजारहरु चालु हालतमा रहेको छ भनी मेकानिकल ईन्जिनियरद्वारा प्रमाणित हुनुपर्नेछ ।

१०) यस अघि सम्पन्न गरेको कामको विवरण :

| सि.नं. | निर्माण सम्वन्धि कामको प्रकृति | काम गरेको साल | रकम | ठेक्कादाता कार्यालयको नाम | कामको अवस्था (प्रगति प्रतिशतमा) |
|---|---|---|---|---|---|
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

११) करचुक्ता गरेको प्रमाणपत्र :

क)

ख)

ग)

यस दरखास्त फाराममा उल्लेखित सम्पूर्ण व्यहोरा ठीक साँचो छ । झुट्टा ठहरे कानुन वमोजिम सहुला वुझाउला ।

निर्माया व्यवसायिको छाप

दरखास्तवालाको नाम :

दस्तखत :

मिति :

द्रष्टव्य : यस दरखास्त फाराम साथ यसमा उल्लेख भएको व्यहोरा पुष्टी गर्न सम्वन्धित कागजातको प्रमाणित प्रतिलिपी संलग्न गर्नुपर्नेछ र कार्यालयले माग गरेको बखत सक्कल कागजात पेश गर्ने पर्नेछ ।

# अनुसूची २

## कार्यविधिको दफा २ को उपदफा १ र दफा ३ को उपदफा ३ सँग सम्वन्धित

| क.सं. | निर्माण व्यवसायीको वर्ग | ईजाजतपत्र दस्तुर | ईजाजतपत्र नविकरण दस्तुर | ईजाजतपत्र नविकरण थप दस्तुर | ईजाजतपत्र प्रतिलिपी दस्तुर |
|---|---|---|---|---|---|
| १ | घ वर्ग | १००००.०० | ५०००.०० | ५०००.०० | १०००.०० |

द्रष्टव्य : घ वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्वन्धि कार्यविधि २०७५ बमोजिमका दफा ३ को उपदफा २ बमोजिम म्यादभित्र ईजाजतपत्र नविकरण गराउदा ईजाजतपत्र नविकरण थप दस्तुरको महलमा उल्लेखित दस्तुर सहित तिर्नुपर्नेछ।

अनुसूची ३

कार्यविधिको ञ २ को उपदफा १ र दफा ३ को उपदफा ३ सँग सम्वन्धित

# गौमुखी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

पुँजा, प्यूठान

५ नं. प्रदेश नेपाल

ईजाजतपत्र नं. : मिति :

## ईजाजतपत्र

"घ" वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्वन्धि कार्यविधि २०७५ को दफा २ को उपदफा ४ बमोजिम निर्माण व्यवसाय गर्न .............................. स्थित कार्यालय भएको ............................ फर्म वा कम्पनीलाई ईजाजतपत्र प्रदान गरिएको छ ।

(यस वृत्तभित्र कुन वर्ग लेख्नुपर्ने हो सोही वर्ग लेख्ने)

ईजाजतपत्र दिनको :

नाम :

दस्तखत :

पद :

मिति :

कार्यालय :

नविकरण :

| नविकरण गर्ने अधिकारी | नविकरण गरेको मिति | नविकरण वहाल रहने अवधि | नविकरण दस्तुर भौचर नं. र मिति | नविकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

अनुसूची ४

निर्माण व्यवसायीवाट भएका सार्वजनिक निर्माण कार्यको अभिलेख विवरण (पासवुक)

| क.सं. | आयोजनाको नाम | सार्वजनिक निकायको विवरण | संयूक्त उपक्रमको नाम (यदि भएमा) | शेयर % | ठेक्का विवरण | सार्वजनिक निकायको तर्फवाट हस्ताक्षर गर्ने पदाधिकारीकाृ विवरण | समयावधि थप विवरण ( यदि भएमा) | Variation को विवरण ( यदि भएमा) | प्रगति विवरण | ठेक्का सम्पन्न विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ठेक्क रकम :<br>सम्झौता मिति :<br>ठेक्का अवधि : | नाम :<br>पद :<br>हस्ताक्षर :<br>छाप : | थप समय :<br>नाम :<br>पद :<br>हस्ताक्षर :<br>निर्णय मिति :<br>छाप | Variation पछिको Contract Ammount :<br>Variation को निर्णय गर्ने पदाधिकारीको नाम :<br>पद :<br>हस्ताक्षर :<br>छाप : | सम्पन्न रकम :<br>सम्पन्न मिति :<br>सम्पन्न ५<br>नाम :<br>पद :<br>हस्ताक्षर :<br>छाप : | अन्तिम ठेक्का रकमः<br>सम्पन्न मिति :<br>नाम :<br>पद :<br>हस्ताक्षर :<br>छाप : | |

## अनुसूचि ५

## घ वर्गको ठेक्का इजाजत पत्र प्राप्त गर्नको लागि आवश्यक पर्ने कागजातहरु

1 तोकेको ढाँचामा निवेदन

2 नेपाली नागरिकताको प्रतिलिपि

3 आर्थिक क्षमता : प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा पाँच लाख रुपैयाँको चालु पूँजी देखाई उद्योग विभागमा दर्ता भएको हुनु पर्नेछ ।

4 **मुख्य जनशक्ति विवरण** : मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरीङ विषयमा कम्तिमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्राविधिक, कुनै पनि विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्रशासनिक र वाणिज्य शास्त्र/अर्थशास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनु पर्नेछ । निजहरुको नागरिकता र शैक्षिक योग्यताको प्रतिलिपि सहित मञ्जुरीनामा

5 घरेलु तथा साना उद्योग विकास समितिमा फर्म दर्ता भएको प्रमाण पत्र

इन्जिनीयरिङ काउन्सिलमा दर्ता भएको मेकानिकल इन्जिनीयरवाट मेसीनरी औजारहरुको १।१ थान मुल्य खुलेको सक्कल कागजात र निजको शैक्षिक योग्यता, नागरिकता र काउन्सिल दर्ता प्रमाण पत्रको प्रतिलिपि ।

मेसीनरी औजारहरु

**(क) ट्रिपर /टयाक्टर (एक/एक थान)**

**(ख) मिक्सर (एक थान)**

**(ग)** Theodolite/Level Machine **(एक सेट)**

**(घ) वाटर पम्प (तीन थान)**

**(ङ) भाइब्रेटर (तीन थान)**

6 मेसिनरी औजार खरिदको विल ।

7 मेसिनरी औजारहरुको विमा भएको प्रमाण ।

8 फर्म राख्ने घरको नक्सा र मालपोत रसिद ।

9 जग्गा धनी प्रमाण पुर्जा ( ज.ध.प्र.पु. प्रोप्राइटर वाहेक अरुको नाममा भएमा सम्वन्धित व्यक्तिको मञ्जुरीनामा) ।

10 फर्मको नाममा घटीमा रु एकलाख चालु पूँजी रहेको सम्वन्धित वैंकको स्टेटमैण्ट ।

11 फर्मको आर्थिक कारोवार हेर्ने एक जना अडिटर र निजको नागरिकता, शैक्षिक योग्यता र अडिट लाइसेन्सको प्रतिलिपि सहित मञ्जुरीनामा ।

12 माथि उल्लिखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन गर्नपाइने छैन ।

13 पन्ध्र वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर बृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन ।

अनुसूचि ६

**<u>“घ” वर्गको ठेक्का इजाजत पत्र नविकरण गर्नको लागि आवश्यक पर्ने कागजातहरु</u>**

1 तोकेको ढाँचामा निवेदन ।

2 स्थायी लेखा नम्वर (PAN) दर्ता प्रमाण पत्र (अस्थायी भएमा नविकरण भएको हुनु पर्ने) ।

3 निर्माण व्यवसायी संघको सिफारिस पत्र ।

4 कर चुक्ता प्रमाण पत्र ।

5 घरेलु तथा साना उद्योग विकास समितिवाट उद्योग नविकरण भएको प्रमाण पत्र

6 अनुसूचि ४ बमोजिमको कार्यको अभिलेख विवरण अद्यावधिक गनुपर्ने ।

आज्ञाले,
राजिब पन्थी
प्रमुख प्रशासकीय अधिकृत